# हेटौंडा उपमहानगरपालिकाको
# विपद् व्यवस्थापन नीति, २०७६

## हेटौंडा उपमहानगरपालिका
## हेटौंडा, नेपाल
फाल्गुण, २०७६

# बिषय सूची


१. पृष्ठभूमि....................................................१

२. दीर्घकालीन सोंच(Vision)....................................................२

३. ध्येय(Mission)....................................................२

४. लक्ष्य(Goal)....................................................२

५. उद्देश्यहरु(Objectives)....................................................२

६. अवधारणा....................................................३

७. नीति....................................................३

८. नीति कार्यान्वयन....................................................६

९.समन्वय, अनुगमन तथा मूल्याङ्कन....................................................७

१०. नीति पुनरावलोकन....................................................७

# हेटौंडा उपमहानगरपालिकाको विपद् व्यवस्थापन नीति, २०७६

## १. पृष्ठभूमि

चुरे र महाभारत पर्वत श्रृङ्खलाको बीचमा अवस्थित हेटौंडा उपमहानगरपालिका विभिन्न प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपहरुबाट सिर्जित विपद्को जोखिममा रहेको छ । यस उपमहानगरपालिकाका वडा नं. १ र १९ का केहि भूभागहरु पहिरोको जोखिममा छन् भने अन्य वडाका नदी किनारामा अवस्थित समतल भूभागहरु बाढीको जोखिममा रहेका छन् । शहरी क्षेत्रमा अव्यवस्थित वसोवास र ढल निकास प्रणालीको अभावले गर्दा शहरी बाढीको जोखिम पनि बढिरहेको छ ।मध्य पर्वत श्रृंखलाबाट शुरु हुने पूर्वी राप्ती नदी रसामरी खोला तथा चुरेक्षेत्रबाट बग्ने कर्रा, कुख्रेनी र चकरी खोला जस्ता सहायक नदीहरूले वर्षायाममा भारी मात्रामा ढुङ्गा, माटो र वालुवा ल्याउँछन् जुन नदीको पिँध र किनारामा जम्मा भै बाढीको कारण बन्दछ । तीब्र बाढी र नदी किनाराको जमिनको क्षयिकरणयी नदीहरुले निम्त्याउने प्रमुख जोखिमहरु हुन् । चुरे क्षेत्रको कमजोर भूवनौटले गर्दा भूक्षय, पहिरो र तीब्र बाढीको जोखिम अझ बढेको छ ।

हेटौंडा उपमहानगरपालिका चट्याङ्ग, आगलागी, सडक दुर्घटना, महामारी, कीट वा सूक्ष्म जीवाणु आतंक, पशु तथा चराचुरुङ्गीमा हुने फ्लु, औद्योगिक दुर्घटना, वातावरणीय प्रदुषण, वन विनास तथा भौतिक संरचनाको क्षति जस्ता प्रकोपबाट समेत प्रभावित छ । विगत केहि वर्षदेखि खुला ठाउँहरु, वन जङ्गलर कृषिको लागि प्रयोग गरिएको जमिनमा उल्लेख्य ह्रास आएको छ रशहरीकरणमा ठूलो वृद्धि भएको छाजनसंख्या बृद्धि, गरिबी, अव्यवस्थित शहरीकरण र जोखिम असंवेदनशीलविकासका कार्यहरुले गर्दा विपद् सङ्कटासन्नतामा अझ बृद्धि भैरहेको छ ।

हेटौंडा उपमहानगरपालिकाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनकाकार्यहरुलाई योजनाबद्ध र व्यवस्थित गर्न नीतिगत, कानूनी तथा संस्थागत व्यवस्था गरेको छ । यस सन्दर्भमाहेटौंडा उपमहानगरपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७५ पारित भई कार्यान्वयनमा आएको छ । साथै नगर विपद् व्यवस्थापन समितिको गठन, वडा स्तरीय विपद् व्यवस्थापन समितिहरुको गठन र विपद् व्यवस्थापन कोष सम्बन्धी व्यवस्था महत्वपूर्ण रहेका छन् ।

सन् २०१५ पछि विश्वव्यापी रुपमा स्वीकार गरिएका विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाइ कार्यढाँचा, जलवायु परिवर्तन अनुकुलनका लागि पेरिस सम्झौता, दिगो विकासका लक्ष्यहरु, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३०, हेटौडा उपमहानगरपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन २०७५, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीति, २०६६ को कार्यान्वयनबाट प्राप्त अनुभव, सन् २०१५ को गोरखा भूकम्प तथा सन् २०१७ को बाढीको सिकाई समेतलाई आधार लिई विद्यमान विपद् जोखिमको न्यूनीकरण तथा नयाँ जोखिमको प्रभावकारी रोकथाम गरि विपद् जोखिमबाट सुरक्षित,

अनुकुलित तथा उत्थानशील नगरको निर्माण गर्दै दिगो विकास गर्न हेटौंडा उपमहानगरपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७५ को दफा ५(क) को अधिकार प्रयोग गरी नगर विपद् व्यवस्थापन समितिले यस "हेटौडा उपमहानगरपालिकाको विपद् व्यवस्थापन नीति, २०७६" तर्जुमा गरेको छ । यो नीति नगर कार्यपालिकाको मिति २०७६/११/२ गतेको निर्णयबाट स्वीकृत भई लागु भएको छ ।

## २. दीर्घकालीन सोंच(Vision)

विपद्बाट सुरक्षित, जलवायु अनुकुलित तथाउत्थानशील प्रणाली र पूर्वाधार; उपमहानगरको दिगो विकासको आधार ।

## ३. ध्येय(Mission)

विपद्बाट हुनेमानवीय जीवन, भौतिक, आर्थिक, सामाजिक, साँस्कृतिक एवं पर्यावरणीय सम्पदाको जोखिम तथा क्षतिमा उल्लेख्य कमी गरी सुरक्षित, जलवायु अनुकुलित तथा उत्थानशील प्रणाली, संरचना र पूर्वाधारको विकास गर्नु यस नीतिको ध्येय हुनेछ ।

## ४. लक्ष्य(Goal)

विपद्बाट हुने मृत्युदरतथा प्रभावित व्यक्तिहरुको संख्या उल्लेख्य रुपले कम गर्नु,जीविकोपार्जनका साधनहरुका साथैमहत्वपूर्ण पूर्वाधार तथा आधारभूत सेवाहरूमा विपद्ले पुऱ्याउने क्षति एवं अवरोधलाई कम गर्दै तिनीहरुको उत्थानशीलता बृद्धिगर्नु यस नीतिको लक्ष्य हुनेछ ।

## ५. उद्देश्यहरु(Objectives)

प्राकृतिक तथा गैरप्राकृतिकविपद्बाट व्यक्तिको जीवन तथा सम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन तथा उत्पादनका साधनहरु,भौतिक एवं सामाजिक पूर्वाधार,सांस्कृतिक एवं वातावरणीय सम्पदामाहुने जोखिम तथा क्षतिको उल्लेख्य रुपमा कम गर्नु यस नीतिकोप्रमुख उद्देश्य रहेकोछ ।यस नीतिका अन्य उद्देश्यहरु देहाय बमोजिम हुनेछन् ।

५.१. विपद् जोखिमको बुझाई अभिबृद्धि गर्ने तथा सबै तह र वर्गमा विपद् जोखिम सम्बन्धी जानकारीको पहुँच सुनिश्चित गर्ने ।

५.२. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न हेटौंडा उपमहानगरपालिकाको विपद् जोखिम शासकीय व्यवस्थाको सुदृढीकरण गर्ने ।

५.३. विपद् जोखिम न्यूनीकरणलाई जलवायु परिवर्तन अनुकुलनका क्रियाकलापसँग एकीकरण गर्दैउपमहानगरपालिकाको समग्र विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने ।

५.४. विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक तथा निजी लगानी बृद्धि गरिउत्थानशीलताअभिबृद्धि गर्ने ।

५.५. नगर स्तरमा विपद् व्यवस्थापन सूचना प्रणालीको स्थापना तथा बहुप्रकोप पूर्व सूचना प्रणालीको विकासएवं विस्तार गरी  विपद् पूर्वतयारी तथा प्रतिकार्य लाई प्रभावकारी बनाउने ।

५.६. "अझ राम्रोर अझ बलियो"अवधारण अनुरुपविपद् पश्चातको पुनर्लाभ, पुनः स्थापना र पुनर्निर्माण गर्ने ।

## ६. अवधारणा

हेटौंडा उपमहानगरपालिकाको विपद् व्यवस्थापननीति देहाय बमोजिमको अवधारणामा आधारित रहेको छ ।

६.१. नेपालको संविधानले निर्दिष्ट गरे बमोजिम विपद् जोखिम न्यूनीकरण, रोकथाम तथा व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहबीच समन्वय तथा सहकार्यको सिद्धान्तलाई अवलम्बन गर्ने।

६.२. विपद् सुशासनको सिद्धान्त अनुरुप सहभागिता, जवाफदेहिता र पारदर्शिता जस्ता विषयहरुलाई आत्मसात गरी समाजका सबै सरोकारवालाहरुको संलग्नता तथा साझेदारिता र लैङ्गिक तथा सामाजिक समावेशीकरणको सिद्धान्त अवलम्बनगर्ने ।

६.३. विपद् जोखिम न्यूनीकरणमा केन्द्रित जोखिम संवेदनशीलविकासकोअवधारणा अवलम्बन गर्ने ।

६.४. बहु प्रकोप विपद् जोखिम व्यवस्थापनको अवधारणा अवलम्बन गर्ने ।

६.५. स्थानीय विशेषता अनुरुप विज्ञान तथा प्रविधिको प्रयोग रस्थानीय साधन,श्रोत, ज्ञान र सीपकोअत्यधिक  उपयोगको अवधारणा अवलम्बन गर्ने ।

६.६. नवप्रवर्तनमुखी वित्तिय लगानीको अवधारणा अवलम्बनगर्ने ।

६.७. पुनर्लाभ, पुनः स्थापना र पुनर्निर्माणमा "अझ राम्रो र अझबलियो" अवधारणा अवलम्बन गर्ने ।

## ७. नीति

माथिका उद्देश्यहरु प्राप्तिका लागि देहायका नीति अवलम्बन गरिनेछन् ।

७.१. विद्यालयस्तरकोशैक्षिकपाठ्यक्रममा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्वन्धी विषयलाई समावेश गरिनेछ ।

७.२. जनचेतनामूलक तथा सूचनामूलककार्यक्रमहरु तयार गरी सूचना तथा संचारका माध्यमहरुको प्रभावकारी उपयोगमार्फत सबैमा पहुँच हुने गरी विपद् सम्वन्धी जानकारी, सचेतना र सिकाई समुदायस्तरसम्म अभिबृद्धि गरिनेछ ।

७.३. प्रमुख प्रकोपहरुको नियमित रुपमा अनुगमन, पूर्वानुमान तथा पूर्वसूचना प्रणाली विकास गरी पूर्वानुमानको आधारमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाहरु (Forecast Based Disaster Preparedness and Response Plans)बनाई लागु गरिनेछ ।

७.४. प्रमुख प्रकोपबाट प्रभावित क्षेत्रहरुको पहिचान गरी शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, पर्यटन, उर्जा, आवास, यातायात, खानेपानी, सरसफाई, पूर्वाधार, ऐतिहासिक तथा साँस्कृतिक सम्पदा, व्यापार, व्यावसाय, जनस्वास्थ्य र पोषणमापर्नसक्ने जोखिम आँकलन र नक्शाङ्कन गरिनेछ र यसलाई सार्वजनिक रूपमा उपलब्ध गराईनेछ ।

७.५. नगरस्तरमा विपद् व्यवस्थापनसूचना प्रणाली(Disaster Management Information System)विकास गरी आधुनिक सूचना प्रविधिमा आधारित सूचना तथा संचार प्रणाली ( Web-based System, Mobile Apps, Short Message Service-Cell Broadcast, Interactive Voice Response, Emergency telecommunication centers) को माध्यमद्वाराजनसाधारण तथा सरोकारवालाहरुलाईविपद् सम्वन्धी जानकारी सहज रुपमा उपलब्ध हुने व्यवस्था गरिनेछ ।

७.६. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा सरकारी निकायहरु, विकास साझेदार, निजी क्षेत्र,सहकारी, सामुदायिक संस्थाहरु, गैर सरकारी संस्थाहरु, रेडक्रस अभियानका अंगहरु,शैक्षिक संस्थाहरुतथा अन्य सरोकारवालाहरु बीचको संलग्नता र सहकार्यलाई प्रोत्साहन गर्न नगर विपद् जोखिम न्यूनीकरण सञ्जाल (Municipal Disaster Risk Reduction Platform) स्थापना गरी सुदृढीकरण गरिनेछ ।

७.७. वडास्तरमा विपद् व्यवस्थापन समितिहरुको गठन गरी क्षमता अभिवृद्धि गरिनेछ ।

७.८. अस्पताल तथा शैक्षिक संस्थाहरुमा विपद् व्यवस्थापन समितिहरुको गठन गरी क्षमता अभिवृद्धि गरिनेछ ।

७.९. नगरआपत्कालीन कार्यसंचालन केन्द्रको स्थापना गरी क्षमता अभिवृद्धि गरिनेछ ।

७.१०. विपद् व्यवस्थापन शाखालाईस्तरोन्नति गरी क्षमता अभिवृद्धि गरिनेछ । साथै उक्त शाखा अन्तर्गत अग्नि नियन्त्रण उपशाखा र सडक सुरक्षा उपशाखा स्थापना गरिनेछ ।

७.११. वहु प्रकोपीय जोखिम लेखाजोखाको आधारमा जोखिम संवेदनशील भू-उपयोगयोजना तर्जुमा गरी व्यवस्थित एंव सुरक्षित वस्ती विकास कार्यलाई अगाडि वढाइनेछ । साथैअसुरक्षित बस्तीहरुलाई सुरक्षित स्थानमा स्थान्तरण गर्ने नीति लिइनेछ ।

७.१२. बहुप्रकोप जोखिम संवेदनशीलताका आधारमा विपद् जोखिम न्यूनीकरण कार्यलाई समग्र विकास प्रक्रियासँग एकीकरण तथा मूलप्रवाहीकरण गरिनेछ ।

७.१३. एकीकृत जलश्रोत व्यवस्थापनको सिद्धान्त अनुरुप नदी व्यवस्थापनगरी बाढी र कटानको जोखिमलाई न्यूनीकरण गरिनेछ ।

७.१४. चुरे क्षेत्रको कमजोर भौगोलिक बनावटका कारण उत्पन्न हुने भूक्षय, पहिरो र बाढीको जोखिमलाई न्यूनीकरण गर्न चुरे व्यवस्थापन आयोजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ।

७.१५. विपद् जोखिम न्यूनीकरणका सबै चरण तथा संरचनामा समावेशी विपद् व्यवस्थापनको अवधारणा अनूरुप महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्तिहरु, आर्थिक तथा सामाजिक रुपले पछाडि परेका समुदायहरुको पहूँच, प्रतिनिधित्व तथा सक्रियसहभागिता सुनिश्चित गरिनेछ ।

७.१६. विपद् संवेदनशीलताको अवधारणा अनुरुप सार्वजनिक भौतिक संरचनाहरु (सरकारी कार्यालय, शैक्षिक संस्थाहरु, स्वास्थ्य संस्थाहरु, सामुदायिक भवनहरु, आश्रयस्थल आदि) लाई जेष्ठ नागरिक मैत्री, लैंगिक मैत्री, अपाङ्गतामैत्रीएवंबालमैत्री बनाइनेछ ।

७.१७. विपद् जोखिमन्यूनीकरण तथा व्यवस्थापनमा स्वयंसेवक परिचालनकोलागि संस्थागत व्यवस्था गरिनेछ । साथै राजनीतिक दल र भातृ संगठनका सदस्यहरुलाई समेत स्वयंसेवकको रुपमा परिचालन गर्न सकिने व्यवस्था मिलाईनेछ ।

७.१८. विपद् जोखिमबाट सुरक्षित भवन निर्माण कार्यलाई प्रोत्साहन गर्नराष्ट्रिय भवन संहिता र स्थानीय मापदण्डलाई समय सापेक्ष परिमार्जन गरी लागू गरिनेछ ।

७.१९. विकासका भौतिक पूर्वाधारहरुको डिजाईन तथा निर्माणका क्रममा जोखिम सुरक्षित नीति अवलम्बन गरिनेछ । साथै जलवायु परिवर्तन अनुकूलित पूर्वाधार निर्माणलाई समेत प्रोत्साहित गरिनेछ ।

७.२०. विकास निर्माणका ठूला परियोजनाहरु तर्जुमा, डिजाइन, निर्माण र व्यवस्थापनमा विपद्जोखिम तथा जलवायु परिवर्तनको प्रभाव सम्बन्धी अध्ययन गरी जोखिम न्यूनीकरण गर्ने नीति लिइनेछ ।

७.२१. जीविकोपार्जनका उपायहरुलाई विविधिकरण गरीविपद् उत्थानशील समुदाय निर्माण गरिनेछ ।

७.२२. विपद्जोखिम न्यूनिकरणमा निजी क्षेत्र, बैंक तथा वित्तीय संस्था, बीमा कम्पनी, विकास साझेदार, दातृ संस्था आदिको लगानी प्रबर्द्धन गरिनेछ ।

७.२३. वडा र समुदायस्तरको विपद् जोखिम न्यूनीकरणमा सामुदायिक तथा सहकारी संस्थाहरुको लगानीलाई प्रोत्साहन गरिनेछ ।

७.२४. संकटउन्मुख समुदायकोजोखिम हिस्सेदारी तथा हस्तान्तरणका लागि कृषि, पशुपंक्षी तथा व्यापार व्यवसायमाबीमा गराउने कार्यलाई प्रोत्साहन गरीसहज पहुँचको व्यवस्था मिलाइनेछ ।साथै बैंक तथा बित्तीय सँस्थाहरु मार्फतविपद्प्रभावित समुदायलाई सहुलियत कर्जाको व्यवस्था गरिनेछ ।

७.२५. विपद् प्रतिकार्य र विपद्पश्चातको पुनर्लाभ तथा पुनर्निर्माणमा समेतसामाजिक सुरक्षाका कार्यक्रमहरुलाईसमाहित गरी संचालनगरिनेछ ।

७.२६. विपद्का कारण हुन सक्ने क्षतिको क्षतिपूर्तिका लागि निजी, सरकारी तथा सामुदायिक भवन, शैक्षिक तथा स्वास्थ्यसम्बन्धी संरचनाहरु, खानेपानी लगायतका अन्य भौतिक संरचनाहरुकोअनिवार्य बीमा गर्नप्रोत्साहन गरिनेछ ।

७.२७. विपद्जोखिम न्यूनीकरण तथा व्यवस्थापनका वार्षिक रुपमा निश्चित प्रतिशत बजेट विनियोजन गरी कार्यक्रम संचालन गरिनेछ ।

७.२८. स्थानीय ज्ञान, सीप, श्रोत र साधनको महत्तम् उपयोग गर्दै समुदायमा आधारित विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरु कार्यान्वयन गरिनेछन् ।

७.२९. आकस्मिक पूर्वतयारी योजना र विपद् पूर्व तयारी तथा प्रतिकार्य कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ। साथै सरकारी, निजी तथा गैरसरकारी क्षेत्रहरुको व्यवसाय निरन्तरता योजना (Business Continuity Plan) बनाई कार्यान्वयन गरिनेछ।

७.३०. वडास्तरमा विपद्को समयमा परिचालित हुने स्वयंमसेवक दस्ता, खोज तथा उद्धार टोलीकोगठन, क्षमता विकास र बिस्तार गरिनेछ।

७.३१. उपनगरपालिकामा विपद् व्यवस्थापनकोषको स्थापना गरी श्रोत परिचालन गरिनेछ।

७.३२. शैक्षिक संस्था, अस्पताल तथा आश्रय स्थलहरुको स्तरोन्नती गरी आपत्कालीन अवस्थामा समुचित उपयोग गर्न मिल्ने व्यवस्था गरिनेछ।

७.३३. विपद् पूर्व तयारी तथा प्रतिकार्यका लागि खुल्ला क्षेत्रको पहिचान, विकास र व्यवस्थापनगर्नुका साथै संकटउन्मुख क्षेत्रमा पहुँचयुक्त एवं सुरक्षित आश्रय स्थल निर्माणगरिनेछ। साथै विपद् प्रतिकार्यलाई प्रभावकारी बनाउन मानवीय सहायता स्थल एवं बन्दोवस्ती स्थलको स्थापना, विकास र विस्तार गरिनेछ।

७.३४. विपद् प्रतिकार्यलाई प्रभावकारी बनाउन आपत्कालीन भण्डारण गृहको स्थापना, विकास र विस्तार गरी आवश्यक पर्ने उद्धार तथा राहत सामाग्रीको भण्डारणगरिनेछ।

७.३५. हेटौंडा उपनगरपालिकामा घाईते हेरचाह केन्द्र(Trauma Care Centre) स्थापना गरिनेछ।

७.३६. विपद् पश्चात पुनर्लाभ, पुनः स्थापना र पुनर्निर्माणमा भविष्यमा विपद् जोखिमको अवस्था सिर्जना हुन नदिन र विपद् जोखिम न्यूनीकरण गर्न "अझ राम्रो, बलियो र सुरक्षित बनाऔं" भन्ने अवधारणालाई प्रोत्साहन गरिनेछ।

७.३७. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यहरुलाई प्रभावकारी बनाउन तथा जवाफदेहीता, पारदर्शीता र उच्च गुणस्तरतासुनिश्चितता गर्नअनुगमन तथा मूल्याङ्कनको लागि समावेशी संयन्त्र स्थापना गरिनेछ।

## ८. नीति कार्यान्वयन

यस नीति कार्यान्वयनको लागि देहाय बमोजिमका उपायहरु अवलम्बन गरिनेछन्।

८.१. यस नीतिको योजनाबद्ध कार्यान्वयनका लागिहेटौंडा उपमहानगरपालिकाको विपद् व्यवस्थापनरणनीतिक कार्ययोजनाका साथैआवधिक, वार्षिक तथाआकस्मिक योजना तर्जुमा गरी लागूगरिनेछ।

८.२. सामुदायिक संस्था, सहकारीहरु, गैर सरकारी संस्था तथा नीजि क्षेत्रको योजना तथा कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्दा यस नीतिलाई मार्गदर्शनका रुपमा लिइनेछ।

८.३. हेटौंडा उपमहानगरपालिकाको आवधिक तथा वार्षिक योजना तथा कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्दा यस नीतिलाई मार्गदर्शनका रुपमा लिइनेछ।

८.४. यस नीतिको कार्यान्वयनका लागि हेटौंडा उपमहानगरपालिकामा आवश्यक वजेट विनियोजन गरी कार्यक्रम संचालन गरिनेछ।

८.५. हेटौंडा उपमहानगरपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७५ मा व्यवस्था गरे वमोजिम आवश्यक संस्थागत संरचना निर्माण गरिनेछ।

८.६. यसनीति कार्यान्वयन तथा व्यवस्थापन पद्धतीमा सुधार गर्नका लागि हेटौंडा उपमहानगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी आवश्यकता अनुसार पुनः संरचना गरिनेछ ।

८.७. यसनीति कार्यान्वयनको लागि आवश्यक कानूनी तथा संस्थागत व्यवस्था गरिनेछ ।

## ९. समन्वय,अनुगमनतथा मूल्याङ्कन

९.१. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसँग सम्बन्धित कार्यहरुको प्रभावकारी कार्यान्वयनको लागि हेटौंडा उपमहानगरपालिकामा कार्यरत सरकारी, सामुदायिक, सहकारी, निजी, गैर सरकारी संस्था,रेडक्रस अभियानका अंगहरु, राजनीतिक दलहरुतथा सरोकारवालाहरुबीचनगर विपद् व्यवस्थापन समितिले समन्वय र सहकार्य गर्नेछ ।

९.२. नगर कार्यपालिकालेएक समावेशी अनुगमन तथा मूल्याङ्कनउपसमिति स्थापना गरी यस नीति कार्यान्वयनकोअनुगमन तथा मूल्याङ्कन गर्नेछ ।

९.३. विपद् जोखिम न्यूनीकरण कार्यले पुऱ्याएको योगदानको अनुगमन गर्दा जोगिएको जनधनको विवरण, जोखिम न्यूनीकरण तथा नियन्त्रणका लागि निर्माण गरिएका भौतिक संरचनाहरुबाट पुग्न गएको सुविधा र प्रतिफल, प्रभावित समुदायको उत्थानशीलतामा आएको परिवर्तन आदिलाई ध्यान दिइनेछ ।

९.४. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी सम्पूर्ण विवरण बार्षिक रुपमा अद्यावधिक गरी “नगर विपद् प्रतिवेदन”प्रकाशन गरिनेछ ।

## १०. नीति पुनरावलोकन

यस नीतिलाई आवश्यकता अनुसार पुनरावलोकन गरिनेछ ।

**प्रमाणीकरण गर्नेको**
**नाम थर : गोपाल प्रसाद वगाले**
**पद : प्रमुख प्रशासकीय अधिकृत**
**पृष्ठ संख्या : ७**
**मिति : २०७६।१२।२**
**कार्यपालिकाबाट स्वीकृत मिति : २०७६।११।२**